# इनरुवा नगरपालिकाको १६ औं नगर सभाको प्रस्तावित निर्णयहरु
## मिति २०८२।१०।१० गते

**निर्णय नं. १ (एक)**

इनरुवा नगरपालिकाको पन्ध्रौं नगर सभाबाट स्वीकृत आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको भए गरेको कामको प्रगति समिक्षा गरियो।प्रस्तुत कार्य प्रगती प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन समिक्षा गरियो । न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तीन)**

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको बैठकले हालसम्म गरेका निर्णयहरु, नगरपालिका कार्यालय र वडा कार्यालयहरुले गरेका निर्णय तथा कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

इनरुवा नगरपालिकाको उप-प्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक विनिता कुमारी मेहताज्यूले पेश गर्नु भएको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको संशोधन उपर खुल्ला छलफल गरियो । छलफलबाट प्राप्त सुझावहरु सहित इनरुवा नगरपालिकाको आ.व. २०८२/०८३ को संशोधित वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

इनरुवा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वीकृत विधेयक अनुसूची-१ बमोजिम यसै साथ टाँस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ)**

इनरुवा नगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वीकृत विधेयक अनुसूची-२ बमोजिम यसै साथ टाँस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (सात)**

सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउन यथार्थ लगत संगलन गरी नियमित रूपमा अनुगमन गर्नुका साथै लामो समय देखि कर तिर्न बाँकि रहेका व्यक्ति, फर्म, संघसंस्था तथा व्यवसायीहरू र लामो समय देखि व्यवसाय बन्द रहेको तर लगत कट्टा गर्न बाँकि रहेका व्यवसायीहरुले मिति २०८३ असार मसान्त भित्र कर बुझाएमा यस अघिको करमा लाग्ने जरिवाना छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ८ (आठ)**

इनरुवा नगरपालिका कार्यालय र वडा कार्यालयहरुबाट चालु आ.व.मा योजना तथा कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोके बमोजिमको रकम/खरिद प्रकिया अनुसार संचालन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ (नौं)**

मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलनको क्रममा इनरूवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा इनरूवा न.पा. वडा नं. १, ३, ४, ५, ६, ७, ९ मा भएको आगजनी, तोडफोड, लुटपाटबाट भएको क्षतीको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय, सुनसरी, इनरूवाबाट प्रमाणीत भई आएको मुचुल्का बमोजिमको सामग्रीहरू अभिलेखिकरण गरी उक्त सामाग्रीहरु लिलाम/मिन्हा/दाखिला खारेज गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १० (दश)**

मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलनको क्रममा आगजनी तोडफोड भई क्षति भएको इनरुवा नगरपालिकाको प्रशासनिक भवन मर्मत तथा स्तरोन्नती गर्ने कार्यका लागि नगर विकास कोषसंग ऋण तथा अनुदान लिने निर्णय गरियो ।

<u>निर्णय नं. ११ (एघार)</u>

इनरुवा नगरपालिकाका वारुणयन्त्र इन्चार्ज श्री विनोद भट्टराईले पेश गर्नु भएको निवेदन अनुसार मिति २०८२ भाद्र २४ गते भएको Gen Z आन्दोलनको क्रममा नगरपालिकामा आगजनी तथा तोडफोड गर्न ठुलो समूहमा मानिसहरु आउदै गरेको जानकारी पाए लगत्तै वारुणयन्त्रको सुरक्षाको लागि तत्काल जिल्ला प्रहरी कार्यालय पुर्याउने क्रममा आफ्नो व्यक्तिगत सवारीसाधन (मोटरसाईकल) नगरपालिकामा नै छोड्नु पर्ने बाध्यत्कम स्थिति सिर्जना हुँदा आन्दोलनकारीहरुले निजको व्यक्तिगत सवारीसाधनमा आगजनी गरी पूर्ण रुपमा क्षति पुर्याएको हुँदा निज विनोद भट्टराईले सार्वजनिक सेवा प्रवाह गर्नेक्रममा व्यक्तिगत सम्पतीको सट्टा सार्वजनिक सम्पतीको सुरक्षा गरी नगरपालिकालाई ठुलो आर्थिक क्षति हुनबाट जोगाउनु भएकोले निजको यस कदमको उच्च कदर गर्दै प्रोत्साहन स्वरुप निजलाई रकम रु.१,२५,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।